# अनलाईन सूचना स्रोत र प्रयोग गर्ने विधि
# (Online Information Source & Access Method)

- दिलीप मान स्थापित
सहायक लाईब्रेरियन
त्रि. वि. केन्द्रीय पुस्तकालय
**E-mail: milandms@gmail.com**

विकसित र विकाशशील देशहरु बीच रहेको वैज्ञानिक सूचनाको दूरीलाई कमगर्ने अनुसन्धान सूचना र ज्ञानलाई विस्तार गर्ने कार्यक्रम अन्तरगत विकसित देशका अनुसन्धानात्मक सूचना र ज्ञानलाई विकाशशील देशहरुमा पनि पु-याउन र उपलब्ध गराउने उद्देश्यले अन्तर्राष्ट्रिय संजाल INASP (International Network for the Availability of Scientific Publications) को वेलायतमा सन् १९९२ मा स्थापना भएको हो । INASP ले Programme for the Enhancement of the Research Information (PERI) कार्यक्रम अन्तरगत विकसित देशका स्तरीय, वैज्ञानिक एवं प्राज्ञिक स्रोतहरु नेपाल जस्तो विकासशील देशहरुलाई उपलब्ध गराउने गर्दछन् । यस कार्यक्रम अन्तरगत INASP ले सन् २००३ मा त्रि. वि. केन्द्रीय पुस्तकालयलाई Country Coordinator मा मनोनयन गरेपछि नेपालले पनि विविध विषयका थुप्रै Online Full text Database एवं स्रोतहरुको प्रयोग गर्न पाई रहेको छ ।

यस PERI कार्यक्रम अन्तरसगत नेपालले प्रयोग एवं उपलब्ध गर्न पाईने विविध विषयका थुप्रै डाटावेशहरु मध्ये सन् २००९ को लागि नेपालका शैक्षिक संस्था, अनुसन्धान केन्द्र, आदिले प्रयोग र उपलब्ध गर्न सकिने **केहि** स्रोतहरु निम्नानुसार छन् । नेपालवाट प्रयोग र उपलब्ध गर्न सकिने पूर्ण डाटावेश एवं स्रोतहरुको विवरण वा जानकारी **www.inasp.info** मा गै **country finder** वाट **नेपालको Country Page** मा गई थाहा पाउन सकिन्छ ।

| सि.नं. | डाटावेश वा स्रोत | उपलब्ध विषयहरु |
|---|---|---|
| १. | MCB Emerald<br>**www.emeraldinsight.com** | यस स्रोतमा विश्वका ३०० भन्दा वढी शीर्षकका व्यवस्थापन, पुस्तकालय तथा सूचना विज्ञान सम्वन्धी जर्नलहरुको Full Text उपलब्ध छ । |
| २. | Wiley-Blackwell–Synergy Content<br>**http://www3.interscience.wiley.com** | यस स्रोतमा विज्ञान तथा प्रविधि, चिकित्सा, मानविकी, समाजशास्त्र आदि विविध विषयका ८४० भन्दा वढी शीर्षकका जर्नलहरुको Full Textहरु उपलब्ध छ । |
| ३. | African Journals Online (AJol)<br>**www.ajol.info** | यस स्रोत अनुसार २५० भन्दा वढी शीर्षकका कृषि विज्ञान, कृषि स्रोत व्यवस्थापन, कला, संस्कृति, भाषा, साहित्य, स्वास्थ्य, विज्ञान र प्रविधि, समाजशास्त्र आदि विषयका अफ्रिकन जर्नलहरुको Table of Content (ToC) उपलब्ध छन् भनें सो को Full Text Document Delivery Service मा उपलब्ध छन् । |
| ४. | Annual Reviews<br>**http://arjournals.annualreviews.org** | यस स्रोतमा विश्वका ३७ भन्दा वढी शीर्षकका Biomedical, Life, Physical तथा Social Science सम्वन्धी जर्नलहरुको Full Text उपलब्ध छ |
| ५. | Oxford Journals OUP<br>**www.oxfordjournals.org** | यस स्रोतमा Oxford University Press वाट प्रकाशित हुने विज्ञान र प्रविधि, चिकित्सा शास्त्र, मानविकी आदि विविध विषयका १६० भन्दा वढी शीर्षकका जर्नलहरुको Full Text उपलब्ध छन् । |
| ६. | Beech Tree Publishing<br>**www.ingentaconnect.com** | यस स्रोतमा विज्ञान, विज्ञान तथा प्रविधि, जननीति तथा अनुसन्धान मूल्यांकन सम्वन्धी २ वटा जर्नलहरुको Full Text उपलब्ध छन् । |
| ७. | Geological Society<br>**www.lyellcollection.org** | यस स्रोतमा Geological Society London का प्रकाशनहरु उपलब्ध छन् । |
| ८. | Cochrane Library<br>http://www3.interscience.wiley.com/cgi-bin/mrwhome/106568753/home | यस स्रोतमा Healthcare decision making सम्वन्धी Database Access उपलब्ध छन् । |

| | | |
|---|---|---|
| १०. | IOP Publishing<br>http://journals.iop.org | यस स्रोतमा भौतिक शास्त्र र यस सम्वधी विश्वका ५० जर्नलहरुको अनुसन्धानात्मक लेखहरुको FULL TEXT उपलब्ध छन् । |
| ११. | National Academies Press<br>www.nationalacademies.org/publications | यस स्रोतमा विज्ञान तथा समाज शास्त्र सम्वन्धी सामग्री उपलब्ध छन । |
| १२. | University of California Press<br>http://caliber.ucpress.net | यस स्रोतमा University of California Press को ८ वटा जर्नलहरुको FULL TEXT उपलब्ध छन । |
| १३. | University of Chicago Press<br>www.journals.uchicago.edu | यस स्रोतमा शिक्षा, मानविकी, चिकित्सा शास्त्र, समाज शास्त्र, आदि विभिन्न विषयका जर्नलहरुको अनुसन्धानात्मक लेखहरुको FULL TEXT उपलब्ध छन् । |
| १४. | Institution of Chemical Engineers ICheme<br>www.icheme.org/journals | यस स्रोतमा ६ वटा महत्वपूर्ण Chemical Engineering सम्वन्धी जर्नलहरुको FULL TEXT उपलब्ध छन् । |
| १५. | OSA – Optical Society of America<br>http://www.osa.org | यस स्रोतमा OSA बाट प्रकाशित Optics तथा Photonics सम्वन्धी १५ वटा जर्नलहरु उपलब्ध छन् । |
| १६. | Acoustical Society of America (ASA)<br>http://scitation.aip.org/JASA | यस अन्तरगत Acoustics सम्वन्धी The Journal of the Acoustical of America (JASA) उपलब्ध छन् । |
| १७. | American Institute of Physics<br>http://www.aip.org/pubs | यस अन्तरगत American Institute of Physics का भौतिक शास्त्र सम्वन्धी १२ जर्नलहरुको थुप्रै लेखहरु उपलब्ध छन् । |
| १८. | Mary Ann Liebert, Inc.<br>www.liebertonline.com | यस स्रोतमा चिकित्सा शास्त्र सम्वन्धी विविध विषयका सामग्री उपलब्ध छन् । |
| १९. | Mineralogical Society of Great Britain & Ireland<br>www.minabs.com | यस अन्तरगत भूगर्भ शास्त्र तथा यस सम्वन्धी विविध विषयका १,२५,००० भन्दा बढी एव्सट्राक्टहरु उपलब्ध छन् । |
| २०. | Nature Publishing Group<br>www.nature.com | यस अन्तरगत Nature Publishing Group का विविध विषयका ३० भन्दा बढी जर्नलहरु उपलब्ध छन् । |
| २१. | Palgrave Macmillan<br>www.palgrave-journals.com/pal | यस अन्तरगत व्यवस्थापन, अर्थशास्त्र, शिक्षा, सूचना व्यवस्थापन तथा प्रविधि, राजनीति शास्त्र आदि विविध विषयका ७० भन्दा बढी जर्नलहरु उपलब्ध छन् । |

## Eligible Institute:

PERI कार्यक्रम अन्तरगत उपलब्ध स्रोतहरु नाफामूलक संस्थाहरु वाहेक अन्य अनुसन्धान, शैक्षिक, सेवामूलक संघ संस्थाहरुले मात्र गर्न पाईन्छ । नाफा मूलक संस्थाले प्रयोग गर्न नपाईने भएकोले विशेषत निम्नानुसारका संघ संस्थाहरुले मात्र यस कार्यक्रम अन्तरगत उपलब्ध स्रोतहरुको उपयोग गर्न पाईन्छ:-

- विश्वविद्यालयहरु
- विश्वविद्यालय पुस्तकालयहरु
- अनुसन्धानमूलक संघ । संस्थाहरु
- उच्च शिक्षा सित सम्वन्धित अध्ययन संस्थान । कलेजहरु
- शिक्षण अस्पतालहरु, आदि

## रजिष्ट्रेशन (Registration):-

PERI कार्यक्रम अन्तरगत उपलब्ध स्रोतहरु प्रयोग गर्नको लागि नेपालका वैज्ञानिक संघ, संस्थाहरुले आफ्नो संस्थाको नाम सर्व प्रथम PERI System मा दर्ता गराउनु पर्दछ यसपछि स्रोत वा डाटावेशको लागि रजिष्ट्रेशन गर्न जानकारी प्राप्त भएपछि आफ्नो संस्थाले प्रयोग गर्न चाहेको स्रोत वा डाटावेशको लागि भिन्दा भिन्दै रजिष्ट्रेशन गर्नु पर्दछ । संस्था दर्ता एक पटक मात्र गरे पुग्दछ ।

**संस्था दर्ता गर्न:-**

१. http://peri.inasp.info/peri/peri.pl मा जाने
२. देश (Country) मा CLICK गर्ने
३. कम्प्युटरको पर्दामा देखा पर्ने देशका नाउंहरु मध्ये Nepal मा CLICK गर्ने
४. कम्प्युटरको पर्दामा देखा पर्ने स्रोत (Resources) हरु मध्ये कुने एकमा CLICK गर्ने ।
५. यस पछि कम्प्युटरको पर्दामा देखा पर्ने संस्थाहरुको सूचीको मुनितिर ADD YOUR INSTITUTION मा CLICK गर्ने
६. यसपछि कम्प्युटरको पर्दामा देखा परेको फर्म भर्ने र फर्मको मुनितिर रहेको SUBMIT मा CLICK गर्ने

संस्था दर्ताको फर्ममा CLICK गर्नासाथ सो संस्थालाई PERI स्रोतहरु प्रयोग गर्न मान्यता दिने वा नदिनको लागि COUNTRY COORDINATOR यानी त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयले PERI System वाट e-mail प्राप्त गर्ने गर्दछन् । Country Coordinator ले संस्थाको प्रकृति हेरी नाफामूलक संस्था हो होईन वुझि तुरुन्तै मान्यता दिने वा नदिने गर्ने गर्दछन् । Country Coordinator ले मान्यता दिए नदिएको जानकारी सम्वन्धित संस्थाले पनि तुरुन्तै पाइने छ । Country Coordinator ले मान्यता दिएको जानकारी प्राप्त भएपछि PERI मा उपलब्ध विभिन्न स्रोतहरु प्रयोग गर्नको लागि आफ्नो संस्थालाई आवश्यकता भए अनुसार स्रोतहरु दर्ता गर्नको लागि निम्नानुसारको Website मा गै प्रत्येक स्रोत वा डाटावेशको लागि भिन्दा भिन्दै रजिष्ट्रेशन गर्नु पर्दछ ।

**स्रोत (Resource) हरु दर्ताको गर्न**

१. http://peri.inasp.info/peri/peri.pl मा जाने
२. देश (Country) मा CLICK गर्ने
३. कम्प्युटरको पर्दामा देखा पर्ने देशका नाउंहरु मध्ये Nepal मा CLICK गर्ने
४. कम्प्युटरको पर्दामा देखा पर्ने स्रोत (Resources) हरु मध्ये प्रयोग गर्ने स्रोतमा CLICK गर्ने ।
५. यस पछि कम्प्युटरको पर्दामा देखा पर्ने वर्णानुक्रमानुसारको संस्थाहरुको सूचीवाट आफ्नो संस्थाको नाममा CLICK गर्ने
६. यस पछि लाईसेन्समा Accept मा CLICK गर्ने
७. यसपछि कम्प्युटरको पर्दामा देखा परेको फर्म भर्ने र फर्मको मुनितिर रहेको SUBMIT मा CLICK गर्ने

PERI मा उपलब्ध स्रोतहरु प्रयोगको लागि माथी उल्लेख भए अनुसार स्रोतहरु दर्ता गरेको केहि दिनमै सम्वन्धित प्रकाशक, डाटावेश वा स्रोतहरु वाट सोझै e-mail मार्फत **Username** र **Password** वा प्रयोग गर्न अनुमति दिइएको जानकारीको साथै प्रयोगको लागि आवश्यक Website को जानकारीहरु प्राप्त हुने गर्दछन् । यदि समयमा Username र Password प्राप्त नभएमा सो को जानकारी Country Coordinator लाई हुन आएमा Country Coordinator संस्था त्रि. वि. केन्द्रीय पुस्तकालयले आवश्यक पहल गरी दिने गर्दछन् । यस्को लागि त्रि. वि. केन्द्रीय पुस्तकालयको e-mail: tucl@healthnet.org.np मा जानकारी दिने गर्नु पर्दछ ।

**संस्था रजिष्ट्रेशन गर्दा ध्यान दिनुपर्ने कुराहरु :-**

१. आफ्नो संस्थाको e-mail address दुरुस्त दिनुपर्ने ।

२. आफ्नो संस्थाको INTERNET को IP ADDRESS अनिवार्य रुपले दिनु पर्ने र IP Address विना संस्था रजिष्टर गरेको भए सो संस्थाले मान्यता पाईदैन ।

३. संस्था रजिष्टर गर्दा एक पटक मात्र गरे पुग्दछ ।

४. आफ्नो संस्था अन्तरगतको अन्य निकायहरुको IP Address एकै भएमा एक पटक मात्र संस्था रजिष्टर गरे पुग्दछ। यदि IP Address भिन्दा भिन्दै भएमा एकै संस्था अन्तरगतको अन्य निकायहरुले पनि भिन्दा भिन्दै संस्था रजिष्टर गर्नु पर्दछ।

५. एकै कोष्ठ भित्र एक भन्दा बढी जानकारी जस्तै एकभन्दा बढी फोन नम्वर, फ्याक्स नम्वर, IP ADDRESS, ईमेल आदि समावेश गर्नु पर्ने भएमा **Comma (,)** को प्रयोग गरी दिने गर्नु पर्दछ।

## अन्य ONLINE स्रोतहरु वारे छोटो जानकारी

माथि उल्लेखित PERI ONLINE Resources को अलावा अन्य थुप्रै स्रोतहरु नेपालवाट प्रयोग र Full TEXT Download गर्न सकिन्छ जसमध्ये केहि ONLINE resources हरु तल लेखीए अनुसारको छ। यी Resources हरु प्रयोग गर्नको लागि पनि आफ्नो संस्था रजिष्ट्रेशन गर्न आवश्यक छ

| सि.नं. | डाटावेशको नाम | डाटावेशमा पाउन सकिने विषय |
|---|---|---|
| १. | JSTOR Full Text Database<br>http://www.jstor.org | Jewish, Middle east, Asian Studies, Anthropology, Archaeology, Architecture and Architectural history, Art & Art History, Biological sciences, Botany & Plant sciences, Business, Ecology & evolutionary biology, Economics, Education, Finance, Geography, History, Language and literature, Mathematics, Music, आदि सम्वन्धी २१०० भन्दा वढी शीर्षकका जर्नलहरु |
| २. | HINARI<br>www.who.int/hinari/en/ | Biomedical Science, Health, social sciences, आदि सम्वन्धी २४०० भन्दा वढी शीर्षकका जर्नलहरु जर्नलहरु |
| ३. | AGORA (Access to global Online Research in Agriculture)<br>www.aginternetwork.org/en/ | Agriculture, Animal Science, Aquatic Science, Food Science, Soil Science, Forestry, Biochemistry, Ecology, Environment, Natural Resources, Nutrition, Pest Control, Plant Science आदि विषयका १००० भन्दा वढी शीर्षकका जर्नलहरु |

## OPEN ACCESS JOURNALS (खुल्ला पहुच भएका स्रोतहरु)

माथि उल्लेखित स्रोतहरुको साथै अहिले ONLINE मा थुप्रै स्तरीय वैज्ञानिक, प्राज्ञिक तथा अनुसन्धानात्मक स्रोतहरु खुल्ला रुपले हामीले प्रयोग र उपलव्ध गर्न सकिन्छ। यस OPEN ACCESS अन्तरगत उपलव्ध स्रोतहरु प्रयोग र उपलव्ध गर्न रजिष्ट्रेशन गर्न आवश्यक छैन कुनै कुनै स्रोतमा रजिष्ट्रेशन गर्नुपर्ने हुन सक्छ तर रजिष्ट्रेशन एवं प्रयोग नि:शुल्क हुन्छ। धेरै जसो OPEN Access मा भएका स्रोतहरु हामीले सोझै ती स्रोत वा डाटावेशको URL मा गई Access गर्न सकिन्छ। यस अन्तरगत उपलव्ध केहि स्रोतहरु तल दिइए अनुसारका छन्

E-LIS **http://eprints.rclis.org** (यसमा पुस्तकालय तथा सूचना विज्ञान सम्वन्धी प्रकाशित र अप्रकाशित १० हजार भन्दा वढी अनुसन्धानात्मक, वैज्ञानिक तथा प्राज्ञिक कृतिहरु छन् जुन हामीले नि:शुल्क रुपले प्रयोग र DOWNLOAD गर्न सकिन्छ।

Directory of Open Access Journals (DOAJ) **http://www.doaj.org** (यस्मा Agriculture and Food Sciences, Languages and Literatures, Arts and Architecture, Biology and Life Sciences, Business and Economics, Chemistry, Earth and Environmental Sciences,

Health Sciences, History and Archaeology, Law and Political Science, Mathematics and Statistics, Philosophy and Religion, Physics and Astronomy, Science General, Social Sciences, Technology and Engineering) आदि विषयका विश्वका १३०० भन्दा वढी शीर्षकका अनुसन्धानात्मक, वैज्ञानिक तथा प्राज्ञिक जर्नलहरुको २०८७५६ भन्दा वढी Articlesहरु नि:शुल्क प्रयोग र DOWNLOAD गर्न सकिन्छ ।

Nepal Journal Online **http://www.nepjol.info** यस्मा विभिन्न विषयका नेपाली अनुसन्धानात्मक, वैज्ञानिक तथा प्राज्ञिक ४० भन्दा वढी शीर्षक जर्नलहरु छन् जुन हामीले नि:शुल्क रुपले प्रयोग र DOWNLOAD गर्न सकिन्छ ।

ABC Chemistry **http://www.abc.chemistry.bsu.by/current/fulltext.htm** यस्मा रशायन शास्त्र र यस सित सम्वन्धित विषयहरुको थुप्रै अनुसन्धानात्मक, वैज्ञानिक तथा प्राज्ञिक स्रोतहरुको FULL TEXT हामीले नि:शुल्क रुपले प्रयोग र DOWNLOAD गर्न सकिन्छ ।

## IP ADDRESS छोटो जानकारी

क) **परिचय:** प्रत्येक INTERNERT ACCESS POINT यानी Computer को भिन्दा भिन्दै विशिष्ट प्रकारको पहिचान हुन्छ । हाम्रो घरको ठेगाना जस्तै कम्प्यूटरको यानी Internet Access Point एक विशेष प्रकारको पहिचान नम्वर हुन्छन् जस्लाई IP Address (International Protocal Address) भनिन्छ । IP Address विशेष गरी ४ वटा सांख्यीक शव्दको सेटले वनेको हुन्छ । जस्तै **202.70.89.106** र यस विशिष्ट यूनिक नम्वरवाटै कुन विद्युतिय सामग्री कहांको कुन कम्प्युटरले प्रयोग गरी रहेको र कुन कुन कम्प्युटरले कुन कुन विद्युतिय सूचना पठाए भन्ने कुराको पहिचान हुने गर्दछ । यस्को साथै IP Address लेगर्दा सूचनाको स्रोतलाई अनावश्यक अन्य कम्प्युटर तथा Internet वाट प्रयोग हुनवाट पनि नियन्त्रण गर्दछ ।

ख) **IP ADDRESS पत्ता लगाउने विधी:**

आफ्नो संस्थाको INTERNET को IP ADDRESS INTERNET सेवा प्रदायकवाट पाईन्छ भने निम्न Websiteहरु मध्ये कुनै एकमा गएर पनि आफ्नो संस्थाको IP Address वारे थाहा पाउन सकिन्छ:
http://www.showmyip.com
http://www.ip-address.com
http://showip.net

अन्तमा सूचनाले महत्वपूर्ण स्थान ओगट्दै गै रहेको वर्तमान अवस्थामा विकसित र विकाशशील देशहरु वीच रहेको वैज्ञानिक सूचनाको दूरीलाई कम गर्ने उद्देश्यको यस संजाल तथा कार्यक्रमले आफ्नो उद्देश्य पूर्तिको लागि फलदायी भूमिका खेलेको छ भनें विकाशशील देशका अनुसन्धानकर्ताहरुको अनुसन्धान कार्यमा विकसित देशका सूचनाहरु प्राप्त गरी आफ्नो अनुसन्धान कार्यको स्तरीयता वढाउन पनि उपयोगी हुन्छ तर नेपालले यी स्रोतहरु प्रयोग गरे वापत उक्त संजाल INASP लाई नेपालले सन् २००५ देखि नै केहि रकम भुक्तानी गर्दै जानु पर्नेमा विविध कारणवश नेपालवाट भुक्तानी हुन नसकिएवाट Online विद्युतिय सूचनाका स्रोतहरु वर्षेनी थप्दै जानुको सट्टा स्रोतहरु कटौटी हुंदै गै रहेको वर्तमान अवस्थामा सम्वन्धित निकायहरुले यस तर्फ गम्भीर रुपले विचार गरी नेपालको अध्ययन, अध्यापन, अनुसन्धान एवं नीति निर्माण तथा योजना सम्वन्धी कार्यमा स्तरीयताको लागि यस प्रकारको स्रोतहरुको निरन्तरताको प्रयाश हुनु अपरिहार्य छ ।

**सन्दर्भ सामग्रीः-**


1. www.inasp.info
2. Bhandary, K. M. "Flood of discoveries in Nepal! Access to full text of world's 7000 leading journals will revalue the role of TUCL." Himalayan Journal of Sciences. 1,2, July 2003, p.71
3. Bhandary, K. M. "PERI in Nepal." Spotlight. July 25, 2003. p. 30
4. Sthapit, Dilip Man. "Vaigyanik prakashan upalabdha garaunako lagi antrarasstriya sanjal, Anusandhan suchana bistar karyakram ra Nepal. (INASP, PERI & Nepal)" TULSSAA Journal. July 2005, p. 33-37
5. www.jstor.org
6. ABC Chemistry **http://www.abc.chemistry.bsu.by/current/fulltext.htm**
7. Nepal Journal Online **http://www.nepjol.info**
8. E-LIS **http://eprints.rclis.org**
9. Directory of Open Access Journals (DOAJ) **http://www.doaj.org**